# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/२५

तेस्रो अधिवेसन

(२१औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको २१औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

**३. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि विशेष समय माग भई आएकोले उक्त समय निर्धारर्ण गरेको छु । विशेष समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय अक्कल बहादुर रावललाई समय दिन्छु ।

**माननीय अक्कल बहादुर रावल**

सभामुख महोदय, हामी यतिवेला हिउदे अधिवेशनको अन्तिम संघार तिरपनि प्रवेश गरिराखेका छौं र वर्खे अधिवेशन शुरु भएको बजेटको बारेमा छलफलको चरण पनि शुरु हुँदैछ । मलाइ लाग्दछ हामीलाइ निशस्त्र पारेर युद्ध मैदानमा खटाइएका सेना जस्तै जससँग यद्ध जित्ने अपेक्षा गरिएको छ । किनकी फेरीपनि जनताका सम्पूर्ण समस्याहरु नजिकबाट नियाल्ने र समाधान गर्ने निकायको रुपमा संघीयताको संरचनाको एउटा परिकल्पना गरियो । विकास देखी लिएर जनताको प्रत्यक्ष सरोकार राख्ने विषयहरुमा तपाइहरुलाइ काम गर्नुस भनेर संवैधानिक रुपमा व्यवस्था पनि भयो । तर पनि फेरी पनि राज्य अलिकति केन्द्रिकृत अभ्यासतिर लागिराखेको र संघीयताको अक्षरस कार्यान्वयनको प्रकृया कतै न कतै अवरुद्ध भइराखेको हामीलाइ महसुस भइराखेको छ । त्यसैले गर्दा सर्वप्रथम यो सन्दर्भमा यो विषयमा सभामुखज्यू मार्फत यो सदनको ध्यानाकर्षण गराउन चाहान्छु । यतिबेला कर्मचारीको समायोजनको प्रसंग केन्द्र सरकारले गराउदैछ । हामीसँग कर्मचारी खटनपटनको अधिकार छैन केन्द्रसँग छ अहिले । तर यतायता सुनिन्छ कर्मचारी समायोजनको प्रसंगमा पावर र शक्तिको कुरा पनि उठिराखेको छ । धेरै कर्मचारीहरु मर्यादाक्रम मिचियो भनेर हामीकाहाँ आइराखेका छन् । मर्यादाक्रम मिचेर आउने कर्मचारीहरुको पनि ठुलै संख्या भएको हामीले देख्न पाउछौं जसका कारणले गर्दा राष्ट्रसेवक कर्मचारीहरु जो आफ्नो मर्यादाभित्र रहने एउटा परम्परालाइ जुन जुन ठाउबाट बलमिच्याइ ढंगले अगाडी बढ्ने काम भएको छ यो एउटा विधिसम्मत कदापी हुन सक्दैन । यसप्रति हामी सजक रहनु पर्दछ जस्तो मलाइ लाग्छ । त्यसैले गर्दा

कर्मचारी समायोजन पनि संघले गर्दिने कर्मचारी खटनपटन पनि प्रदेशले गर्न नपाउने र आवश्यक ठाउहरुमा केन्द्रले सोझै हस्तक्षेप गर्ने जुन परम्परा छ यसका निम्ति मैले अघि पनि भनें हामीलाइ निशस्त्र तरिकाले युद्धमा पठाउने र युद्ध जितेर आउ भन्ने कल्पना संघीयता भित्र यो सम्भव छ कि छैन हामी गम्भिर हुनुपर्ने अवस्था सृजना भएको छ । त्यसैले मात्रै होइन अरु तमाम कुराहरु शुशासनका कुराहरुमा पनि हामीले ध्यान दिने अवसर प्रदेश सरकार र प्रदेश सभालाइ किनकि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि जति जुन गतिमा काम गर्नुपर्थ्यो अहिले काम गरिराखेको छैन । अहिले जताजतै विकासको नाममा बजेटलाइ पुरै आप्नो नीजी स्वार्थमा प्रयोग गर्ने काम भइराखेका छन् । बजेट के हो विकास के हो । हामी सम्भवत विकासको बारेमा पनि बहस हुनु जरुरी छ भन्ने लाग्छ । हामीले के ठान्यौं भने कुनै बेला कुनै इतिहास थियो हामीलाइ बाटो पुग्यो भने पुरै कुरा प्राप्त भएको महसुस हुन्थ्यो । तर आज बाटोघाटो हरेक ठाउमा पुगेको छ । आज हरेक घर घरमा बाटो पुर्याउने त्यो पनि हामी युवा शक्तिहरु विदेश पलायन भइराखेको अवस्था एकातिर छ भने अर्को तिर गाउँ गाउँमा डोजर लिएर डोजर आतंक चलिरहदा यसलाइ हामीले विकास ठान्ने र गर्भ गर्न थाल्यौ भने र अरु तर्फ ध्यान दिएनौं शिक्षा स्वास्थ्य तमाम मान्छेका जनजिवन ओझेलमा परिराख्ने प्रत्येक बाटो जहाँ डोजर चालकले जतातिर लियो तेलाइ विकास ठान्ने परम्परा बन्दै छ यसलाइ अन्त्य गर्न जरुरी छ । प्रदेश सरकारले यसलाइ कठाइ पूर्वक अगाडी बढ्ने कदम चाल्नु पर्छ जस्तो मलाइ लाग्छ । त्यसैले गर्दा विकासको परिभाषामा अब के हो भने उपचार नपाएर मृत्यु वरण गर्ने मानिस पर्छन् कि पर्दैनन विकासको सुचकांकभित्र । आज चट्याङ प्राकृतिक प्रकोष लगायतका कारणले गर्दा अकालमा ज्यान गुमाउनेहरुलाइ हामीले सानोतिनो मलमपट्टी लगाउन नसकिराखेको अवस्थामा एकातिर बजेट खर्च हुन नसकिराखेको अवस्था छ भने ति प्राकृतिक प्रकोपमा परेका घरपरिवारलाइ हामीले सान्तोना पनि दिन सकिराखेका छैनौं । हामीमा ति प्रस्न छ तपाइहरु के गर्दै हुनुहुन्छ । त्यसैले म यो गरिमामय सदन मार्फत के भन्न चाहान्छु भने अब राहतका कार्यक्रमहरु जनतालाइ प्रत्यक्ष रुपमा सरोकार राख्ने विषयहरुमा हामीले यो सदन मार्फत आवाज उठाउनै पर्छ प्रदेश सरकारले चाहे भने जे सुकै कामहरु पनि गर्न सक्छ त्यसैले प्रत्यक्ष सरोकार राख्ने कामहरुमा बजेट खर्च गर्नका निम्ति कन्जुस्याइ गर्नुहुदैन भन्ने मलाइ लाग्छ । त्यसैले गर्दा देशैभरी विभिन्न समयहरुमा प्राकृतिक प्रकोपका विभिन्न घटनाहरु यतिबेला मात्रै पनि विभिन्न ठाउहरुमा असिना पानी देखी लिएर हावा हुरीले अत्यन्तै राम्रो भइराखेको हाम्रो खेती नास गरेको अवस्था छ र पूर्व तयारीको कुराहरु पनि बाँकी छन् । त्यसैले गर्दा यी यावत जनताका सरोकारका विषयहरुमा अब सदन र सरकारले सामना गर्नेबेला अब ढिला हुन्छ कि जस्तो मलाइ लाग्छ । त्यसैले मैले यो गरिमामय सदनमा यि विषयवस्तुहरु राखे धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, माननीय अक्कल रावलजी ले जुन कुरा राख्नु भो म तेलाइ समर्थन गर्न चाहान्छु । डोटी जिल्लाको पूर्विचौकी सायल देखी डोटी जिल्लाका धेरै भागमा अस्ती असिना पानिले धेरै ठुलो नोक्सान पारेको छ । त्यतिमात्र होइन डडेल्धुरा देखी लिएर कैलाली र पहाडी जिल्लामा पनि असिना पानीले ठुलो क्षति पुर्याएको छ । र हामीले बारम्बार सम्मानित सदन मार्फत सरकारलाइ अनुरोध पनि गर्यौं प्राकृतिक प्रकोपबाट कहिले हुरी केहिले केही त्यस्ता दुर्घटनाबाट आहात जनतालाइ प्रदेश सरकारको उपस्थिति खोजेका छौं । तर प्रदेश सरकारको अहिलेसम्म उपस्थिति हुन सकेन सभामुख महोदय हामीलाइ दुख लागेको छ । सरकार भनेपछि हरेक नागरिकको ज्युधन सुरक्षा गरिन्छ तब तेलाइ सरकार भनिन्छ । त्यसैले प्रदेश सरकारको प्रदेशका नागरिकले

जबरजस्त उपस्थिति चाहिएको छ । अब सभामुख मार्फत सरकारलाइ आग्रह गर्न चाहान्छु । अहिले केन्द्र देखी तलसम्म डाक्टरहरुको हटताल चलिराखेको छ र बास्तबमा यस्तो सम्वेदनशील क्षेत्रलाइ हल्का ढंगले लिनु हुँदैन । ति डाक्टरहरुको पेशागत सुरक्षा उनिहरुको योग्यता क्षमताका आधारमा काम गर्नुपर्ने अवसरका कुराहरुलाइ वृद्धि विकासमा अपुरो गराउनु हुँदैन । गाउँको हस्पिटलमा काम गरुन संघको गरुन प्रदेशको गरुन र त्यो कुरा संवेदनशीलतालाइ सरकारले ख्याल गर्नुपर्छ । कुनै पनि कर्मचारीलाइ Discourage गर्ने होइन Incourage गरेर अगाडी बढ्नुपर्छ । सेती अंचल अस्पतालको सन्दर्भमा यो धेरै पुरानो अस्पताल हो सरकारले विधेद गरेको छ । आज कोशी हेटौंडा भरतपुर लगायतका अंचल अस्पतालहरुलाइ संघमा राखेको छ । हो अब प्रदेश सरकारले पनि स्वास्थ्यलाइ व्यवस्थापन गर्दै जाने जिम्मेवारी आएको छ । यो Gradually गर्दै जाने विषय हो । तर नीति नै विभेदकारी छ । किनभन्दा खेरी केही अंचल अस्पतालहरु संघमा राख्ने र हाम्रो पहुँचै नपुग्या हुनाले यलाई प्रदेशमा राखेको प्रदेशको अहिले हैसियत छ कि छैन प्रदेशले व्यवस्था गर्ने Gradually जानुपर्छ भन्ने मेरो मान्यता हो । त्यसैले गर्दाखेरी यो विभेदकारी नीति सरकारले अपनाउनु हुँदैन । त्यसमा समानता चाहिएको छ । र अर्को कुरा हामीले श्रम ऐन पनि बनाइसकेका छौं र न्यूनतम पारिश्रमिक पनि तोकिसकेका छौं तर सरकारकै स्वामित्वमा रहेका अतिरिक्त हुलाकका सामान्य वैदार हुलाकीहरु पनि ५/७ हजारमा काम गर्नुपर्ने अवस्था छ । सरकारले नै आफुले विभेद गरेको छ । यो विभेदकारी नीतिलाइ अन्त्य गरेर सरकारले न्याय दिनुपर्छ भनेर मैले यहाँ सभामुख मार्फत आफ्नो कुराहरु सम्मानित सदनमा भन्न चाहान्छु । र अर्को कुरा वर्षौं देखी घर बास बनाएर बसेका व्यक्तिहरु कैलाली कंचनपुरतिर धेरै छन् । यो सदनमा धेरै चोटी कुरा उठ्यो कि यसको व्यवस्थापन गरोस सरकारले छिटो भन्दा छिटो निकास दियोस भनेर हामीले धेरै चोटी कुरा उठायौं तर यो सम्बन्धी पनि कुनै किसिमको शुरुवात हुन सकेन । अब तिनिहरुको बन्दोबस्त सरकारको जवाफदेहिता हो । एउटा मापदण्ड बनाएर जानु पर्छ र तिनको सिघ्रताका साथ यो व्यवस्थापन गर्नपर्छ भनेर पनि म सभा मार्फत सरकारलाइ आग्रह गर्न चाहान्छु । र अर्को कुरा बजेटको कुरा छ । प्रदेश सदनलाइ बडा हल्का रुपमा लिनु भयो । आम सभाका जसरी यहाँ भाषण गरियो । तथ्यमा आधारित कुराहरु भनिएन । हामीले पनि हेरिराखेका छौं लिराखेका छौं । वित्तिय प्रतिशत भनेको ११ र १२% मात्र भयो र बजेट आएको ९/१० महिना भइसक्यो । बजेट ल्याउने मात्र होइन । त्यो बजेट कुन निकायबाट अख्तियारी दिने र त्यसलाइ कार्यान्वयन गर्ने भन्ने कुरा सरकारसँग Plan हुनुपर्छ कि पर्दैन । हामीले त Plan सहित दिएका छौं र त्यति मात्र होइन आज हरेक क्षेत्रमा योजना परेका छन् । सम्मानित सदनलाइ थाहा छैन । अपमान गर्ने कुरा भाको छ । सँधै हामी मन्त्री बन्दैनौं । सँधै हामी सांसद बन्दैनौं । देश बनाउने प्रदेश बनाउने कुरामा सबैको सहभागिता र राजनीतिमा ठुलो छाती चाहिन्छ । सबैलाइ सम्मान गरेर समेट्न सक्ने हैसियत चाहिन्छ संस्कार चाहिन्छ । आज एउटा सम्मानित सांसदलाइ आफ्नो क्षेत्रमा पनि कुन योजना पर्यो भन्ने थाहा छैन । स्कुलमा अनुदान अर्को क्षेत्रमा अनुदान स्वास्थ्यमा अनुदान । पचासौं लाखका अनुदान तर थाहा छैन । मैले भन्ने गरेको छु । सम्मान त गर्ने संस्कार हामीसँग छैन । अपमान पनि गर्न पाइदैन । यसरी चल्दैन । यहाँ जति ठुला भाषण गरे पनि अब सत प्रतिशत काम हुन्छ त ढाइ महिनामा त्यो जनशक्ति छ । अहिले पनि यो दुइ करोड जो पूर्वाधारको बजेट छ अलमलमा पर्या छ काँबाट यो अख्तियारी दिने काँबाट जाने यो कुरा अहिलेसम्म पनि थाहा छैन । वाहाँ सम्झौता गर्नुपर्यो भनि उपभोक्ता समिति कराइराख्या छन् । काबाट जाने भन्ने थाहा छैन । अँझ कार्यविधि कै कुरा उठाइराख्या छ । भन्दा २ महिनामा खर्च हुन्छ यत्रो रकम । त्यो हैसियत हामीसँग छ । त्यसैले हामीले बारम्बार सरकारलाइ भन्यौ यसरी चल्दैन । हामीले योजना पनि दियौं । यसरी जाऔं भनेर पनि भन्यौ तर हुन सकेनन् ।

यसरी त मलाइ लाग्छ । अघि पनि यहाँ कुरा उठ्यो । यो संघीयता माथि कुनै प्रश्नवाचक चिन्ह लाग्न सक्छ । मलाइ त लाग्छ यो हिउदे अधिवेशन पनि निसाशजनक रुपमा खाली २/४ वटा विधेयक पास गरेर मात्र फर्किनु पर्ने अवस्था छ । हामी रितै हात जाँदै छौं । जसले गर्दा सुदूरपश्चिमका आदरणीय नागरिकलाइ निसाश बनाउने बाहेक काम छैन । हामी पनि निरिह प्राणीको रुपमा मात्र यहाँ उभिएका छौं । बारम्बार कुरा गयौं सरकारमा बसेका विशिष्ट व्यक्तिहरुले कहिल्यै पनि यलाइ जिम्मेवारीको रुपमा लिन सकेनन् । मुलुक बनाउने कुरा पनि एक व्यक्तिको होइन । हरेक विचार हरेक सोच भएका हरेक पार्टीलाइ गोलबद्ध रुपमा लिने हैसियत चाहिन्छ vision चाहिन्छ willpower चाहिन्छ । त्यसतो किसिमको क्षमता चाहिन्छ । हामीले बारम्बार भन्यौं हाम्रो गन्तव्य एउटै हो । यो प्रदेशलाइ सुदृढ कसरी बनाउने सुशासन तर्फ कसरी लैजाने । यो प्रदेशका युवाहरुलाइ कसरी रोजगार दिने र यो प्रदेशलाइ सुन्दर सुदूरपश्चिम प्रदेश कसरी बनाउने हामी सँगै हिडौं कुनै ठाउमा विकास आउन सक्दैन । कांग्रेस प्रतिपक्षमा होला तर गन्तव्य एउटै हो । यो संविधानको सही कार्यान्वयन यो संविधानको संरक्षण सम्बर्द्धन प्रमुख दायित्व हो । यसमा हामी सत्ता पक्षका संगसंगै छौं । उभन्दा पछाडी छैनौं । यसको संरक्षण भन्दा अर्को विकल्प छैन । यदी यो संविधानको सही संरक्षण कार्यान्वयन भएन यो मोडलमा खराबी आयो भने यो मुलुक ठुली दुरघटनामा जान सक्छ । त्यसैले गम्भिर भएर हामी सोचौं । यो तरिकाले चल्दैन । तपाइहरुलाइ दुख लाग्ला कि कराउदैछन् आज सत्ता पक्षाका साथिहरुले कराउदैछन् आखिर त Groud को Reality त सबैबाट आयोन्त अहिले । हामीले त बारम्बार तपाइहरुको साथमा छौं विकल्प यो हो । जिल्ला समन्वय समिति थियो छ प्राविधिक कार्यालयलाइ दिउन् नत योजनाहरु यै बाट जाउँ गर्दै जाउँ भनेकै हो नि । तर अहिलेसम्म काँबाट यो अख्तियारी जाने के गर्ने भन्ने कुरा छैन । हिउदे अधिवेशन सारै निराशाजनक रुपमा हामी जादैछौं निरही रुपमा जाँदैछौं । सरकार यो रुपमा बसिरहनु हुँदैन अलि ठुलो छाती लिएर यहाँ उठेका कुराहरुलाइ ध्यान दिएर सरकारले आगामी दिनमा कार्ययोजना बनाउनुपर्छ र यो प्रदेशमा पनि प्रदेश सरकारको अनुभूति दिलाउनु पर्छ भनेर सभामुख मार्फत यो कुरा भन्न चाहान्छु धन्यवाद ।

**माननीय पूर्णा जोशी,**

माननीय सभामुख महोदय, शैक्षिक शत्र शुरु हुन अब १ हप्ता मात्रै बाँकी छ । शैक्षिक सत्र २०७६/७७ शुरु हुनै लाग्दा खेरी धेरै जस्तो अभिभावकहरु आफ्ना बालबालिकालाइ कुन विद्यालयमा पठाउने भन्ने खालको चिन्ताले पिरोलिरहनु भएको छ । विशेष गरीकन सार्वजनिक शिक्षा अत्यन्त धेरै कमजोर र अपमानित हुदै गएको अवस्थामा नीजि विद्यालयहरुले लगाउने शुल्क र उनीहरुले आफ्नो विद्यालयमा पाउने सामाग्रीहरु बच्चाहरुलाइ आवश्यक पर्ने सबै सामाग्रीहरुलाइ एक प्रकारको सिन्डीकेट लगाएर आफ्नै विद्यालयका दोकानहरुबाट किन्नुपर्ने अनिवार्यताले अभिभावकहरु चर्को दबाबमा छन् । यो कुरा म सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहान्छु । डक्टरहरुले अहिले निरन्तर रुपमा लामो समयदेखी हडतालमा उत्रिनुभएको छ । सार्वजनिक हरेक आन्दोलनहरुको पिडामा एउटा निम्न वर्गीय कमजोर आर्थिक अवस्था भएको मान्छे मारमा छ । सार्वजनिक अस्पतालहरु अथवा सरकारी अस्पतालहरु आन्दोलनको पिडामा छन् । तिनै डक्टरहरुले सिफारिस गरेर आफ्ना प्राइभेट अस्पतालहरुमा क्लिनिकहरुमा र त्यसता ठाउहरुमा बिरामीहरुलाइ सिफारिस गरेर पठाइरहेका छन् । त्यसबाट पनि निम्न वर्गको मान्छेहरु पिडामा परेको कुराहरु सबैलाइ विदित छ । त्यस कारणले गर्दाखेरी ट्रेड युनियन आन्दोलनका नाममा हुने खालका सबै प्रकारका आन्दोलनहरुको मकसद भनेको राम्रो सेवा दिनुपर्छ

सरकारले राम्रो काम दिन्छौं भन्ने खालको ग्यारेन्टी दुवै तर्फबाट हुनुपर्छ । माग्नेले राम्रो अवसर माग्ने हो वृत्ति विकासको अवसर तलब सुविधाको अवसर प्राप्त गर्ने हो । उसले पाउनुपर्छ त्यो ट्रेड युनियन अधिकार अन्तरगत पर्छ । तर हरेक किसिमका समयहरुमा आर्थिक हिसाबले पिछडिएको वर्गलाइ मारमा पार्ने गरीकन यसता खालका बन्द हडताल लगायतका कुराहरुको दिर्घकालिन समाधान गर्नुपर्छ भन्ने कुराहरु म निवेदन गर्न चाहान्छु । अस्ती भर्खरै चैत्र १७ गते टोरनाडो आधिबाट २ नं. प्रदेश अत्यन्त अस्तव्यस्थ भयो । धेरै मानिसहरुले त्यसबाट ज्यान गुमाउनु पर्यो । हामीले प्रदेश सभाबाट दुख व्यक्त गर्यौं सोक प्रस्ताव पारित गर्यौं । प्रदेश सरकारले १ करोडको सहयोग घोषणा गर्यो । हामीले पनि प्रदेश सांसदको तर्फबाट १ दिनको तलबको घोषणा गर्यौं । यो संघीयताको मोडेल जुन मोडेलको संघीयतामा अहिले हामी छौं corporative Model को संघीयता अथवा सहार्दताको संघीयताको अत्यन्त राम्रो परिचय सुदूरपश्चिम प्रदेशले गरेको छ । त्यसको लागि म प्रदेश सरकार र प्रदेश सभालाइ म हार्दिक धन्यवाद दिन चाहान्छु । तर यति भनिरहदाखेरी २ नं. प्रदेशको दुखमा दुखी हुने हामी यो सरकार लामो समयदेखी हामीले करिब १ वर्ष अगाडी असिनापानीबाट पिडित लाइ राहत दिनुपर्यो भनेर भनिराखेका छौं । आकस्मिक कोष विधेयक पारित गरिसक्यौं । र पनि अहिले दोश्रो पटक फेरी तिनै मानिसहरु असिना पानीबाट पिडित भइसक्या छन् । कहिले हामीले राहतको अपेक्षा गर्ने ति मानिसहरुले कहिले राहत पाउछन् । यसको जवाफ हामी निरन्तर यो सदनबाट खोजि रहदा खेरी अब जवाफ नमाग्ने किसिमको परिस्थितिमा पुग्याछौं किनभने लामो समयसम्म एउटै कुराहरुको प्रतिउत्तर माग्नु पर्दा हामी आफै लजित छौं त्यसले गर्दा सरकार यसमा गम्भिर हुनुपर्छ । चटयाङले मात्रै मर्नेको संख्या, विद्युतको करेन्ट लागेर मात्रै मर्नेहरुको संख्या, सडक दुर्घटनाबाट मर्नेको संख्या र यो बाढी पिडितबाट मर्नेको संख्या धेरै ठुलो सूचिमा परिसक्या छ । यसबाट पिडित हुने अन्य मान्छेहरुको त हिसाबै छैन । त्यसैले गर्दा खेरी प्रदेश सरकार गम्भिर होस भन्ने कुरा म राख्न चाहान्छु र यो कहिले हामी यो बाँड्छौं भन्ने कुरा यो तिथि मिति सहितको यउटा Action Plan प्रदेश सरकारले ल्याइदिए देखी सबैलाइ यो सूचना हुन्थ्यो । त्यसतै गरिकन २०७५/६/१२ गते दोश्रो अधिवेशनको ४६ औं वैठकमा हामीले प्रदेशको स्थायी राजधानी र नाम घोषणा गर्यौं । यै प्रदेश सभाबाट स्थायी राजधानी र नामाकरणको घोषणा भइरहदा खेरी २ नं. बुँदामा ततकालको सुदूरपश्चिमांचल विकास क्षेत्रको राजधानी रहेको ठाउँ अथवा विकास क्षेत्रको सदरमुकाम रहेको ठाउका कार्यालयहरुमा यथावत रुपमा प्रदेशका निर्देशनालयहरु र डिभिजन कार्यालयहरु राख्ने र त्यो भन्दा थप कार्यालयहरुको आवश्यकता पर्यो भने पहाडी भेगमा राख्नुपर्ने कार्यालयहरु त्यै राख्ने भन्ने निर्णय भएको छ प्रदेश सभाबाट । तर अहिले एउटा सम्पर्क कार्यालयको नाममा धमाधम पहाडबाट आउने कार्यालयहरु कैलालीको वरपर प्रदेशका मन्त्रालय वरपर रहने किसिमका कुराहरु गरिराछ मैले प्रदेश सरकारलाइ विशेष गरीकन मुख्यमन्त्री ज्यूलाइ यहाँको क्याविनेटलाइ ध्यानाकर्षण गराउन चाहान्छु । यी सम्पर्क कार्यालय नामका झुन्ड्याइएका बोर्डहरु लिएका कोठाभाडाहरु ततकाल रद्द गरेर त्यो तत्कालिन सुदूरपश्चिमांचल विकास क्षेत्रको राजधानी रहेको दिपायलमा लगिनु पर्छ भन्ने कुराहरु म जोडदारका साथ सरकारसँग अनुरोध गर्न चाहान्छु । त्यसतै गरिकन यो सामाजिक विकास मन्त्रालयले आ.व. २०७५/०७६ को बजेटमा नीति कार्यक्रममा केही प्रकारका छात्रवृत्तिहरुको घोषणा गरेको छ यो अत्यन्त सराहनिय काम हो । ती छात्रवृत्तिहरु वितरण गरिरहदा खेरी अहिलेसम्म त्यसको कार्यविधि बनिसकेको छ कि छैन हामीलाइ थाहा छैन । ति मान्छेहरु कहिले छनौट हुन्छन् । १ वर्ष भयो उनीहरुकले २०७५/७६ मा पाउनुपर्ने छात्रवृत्ति हरु २०७६/७७ शैक्षिक सत्र शुरु भैसक्याछ अनि २०७६/७७ मा पाउनुपर्ने छात्रवृत्ति पनि होला यो कहिले पाउछन् । यसको लागि पनि मैले प्रदेश सरकारको गम्भिरतापूर्वक ध्यानाकर्षण गरें । मैले

शैक्षिक सत्रको अन्त्यमा आएर यो कुराहरुको खोजि गरिराख्या छु । अहिलेसम्म हामीले भनेका छैनौं र यो पनि प्रदेश सरकारले कमसेकम सम्बन्धित मन्त्रालयले जानकारी दियोस र यथासक्य २०७५/७६ को छात्रवृत्ति पाउने मान्छेहरुले २०७६/७७ मा फेरीबाट यसको continuity हुन्छ अथवा छात्रवृत्तिका लागि अर्को विकल्प रोज्नुपर्छ । यो खालको कुराहरु उनिहरुको तयारी हुन्छ त्यसैले गर्दाखेरी यी सबै प्रकारका छात्रवृत्तिहरुको पाउनुपर्ने मान्छेहरुको नामनामेसी अथवा उनीहरुले आवेदन दिनुपर्ने कुराहरुको घोषणा गरियोस भन्ने कुराहरु राख्छु । र अन्त्यमा यो प्रदेशमा विशेषगरीकन सुदूरपश्चिम प्रदेशमा विगत लामो समयदेखी भएका विविध नामका हडतालहरु विविध नामका बन्द विविध नामका मर्कामा पर्ने मान्छेहरु भनेका फेरी पनि मैले जोड दिन चाहान्छु । म त्यै पार्टीको एउटा समाजबादमा विश्वास गर्ने पार्टी न्युन वर्गिय वर्गमा विश्वास गर्ने पार्टीको हुनाले मैले प्रदेशको त्यो Member भएको हुनाले यो वर्गीय हिसाबले तल्लो वर्ग न्यून आए भएका मान्छेलाइ केन्द्रित गरेर प्रदेश सरकारले विविध खालका कार्यक्रमहरु शिक्षामा स्वास्थ्यमा गरिब मान्छेले कहाँ उपचार गर्न पाउने गरिब मान्छेले कहाँ राम्रो शिक्षा पढ्न पाउने लगायतको ग्यारेन्टी गर्नको लागि र प्रदेश क्याबिनेटलाइ गम्भिर हुनको लागि म आग्रह गर्न चाहान्छु र आफ्ना भनाइ यही अन्त्य गर्न चाहान्छु धन्यवाद ।

**माननीय चुन कुमारी चौधरी,**

माननीय सभामुख महोदय, हाम्रो सुदूरशपश्चिम प्रदेश आज तेश्रो अधिवेशन २१ औं वैठक हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले भित्र रहेका विभिन्न थारु समुदायका र राना समुदाय दुइ जात बिचको सुदूरपश्चिम कैलाली कंचनपुरमा रहेको थारुहरुको विशेष पर्व चिरै भजहर र राना थारुमा भन्ने चलन चरै कार्यक्रम हाम्रो यही वर्षको लास्ट महिनामा यो चैत्रको महिनामा र पहिलो हप्ता बैशाखमा यो दुइ पटक चरै भजहर भनाउने कार्यक्रम हो । त्यसैले सुदूरपश्चिम प्रदेश सरकारलाइ ध्यानाकर्षण गराउन चाहान्छु कि हाम्रो थारुहरुको यो महान पर्व हुनाले यसलाइ विशेष रुपमा कार्यक्रम अगाडी बढाइदिनको लागि हार्दिक अनुरोध गरें । यसको पर्वको लागि यो संरक्षण गर्नुपर्छ र यो पर्व भनेको थारुहरुको पर्व मध्येमा सबभन्दा अन्तिम पर्व हुनाले यो पर्व गाउभन्दा पर गएर मनाउने पर्व हो त्यसैले यो पर्वलाइ सुदूरपश्चिम प्रदेश सरकारले विशेष रुपमा यलाइ मनाउनु पर्छ भन्न चाहान्छु । र सुदूरपश्चिम प्रदेश भित्र रहेका विभिन्न आन्दोलन यो खुटिया अस्तिदेखी हाम्रा आदरणीय जनताहरु धनगढीको पिपलचौतारा र स्याउले सम्म जोडेका बाटाहरु ६ लेन हाम्रो जो काम शुरु भइरहेको छ र काम पनि तिब्र रुपमा नभएको गाडी जतिको सबै त्यहो बाट गुडेको त्याहाँको जनता धुलो धुवाँबाट अत्यन्तै प्रभावित भएको त्यहाँका जनताहरु अत्यन्तै लामो समयदेखी नै आन्दोलन गरिराख्नुभाछ कि हाम्रो यो बाटो पिज बनाउनुपर्छ र टाइम टाइम दैनिक रुपमा पानी छर्किदिनुपर्छ । त्यहाँको धुलो धुवाँले जनताको पुरै घर घर जाने र त्यहाँको बाली नाली पनि एकदमै नोक्सान भएको देखिन्छ । त्यसैले सुदूरपश्चिम प्रदेश सरकारलाइ मैले ध्यानाकर्षण गराउन चाहान्छु किनकी हामी अहिलेसम्म राज्यले सुदूरपश्चिम प्रदेश सरकारलाइ धेरै सम्म पछाडी गरियो हेला गरियो भनेर हामी चिन्छौं तर अहिलेसम्म हामी राजधानी भित्र रहेको एउटा बाटो पनि कालो पत्रे गर्न सकेनौं भने यो अत्यन्त दुखको कुरा हो । त्यसैले यो आउने बजेटमा छिटो भन्दा छीटो यसलाइ अगाढी बढाइदिनको लागि सुदूरपश्चिम प्रदेश सरकारलाइ अनुरोध गरें । र अर्को यो सेती अस्पतालको सुदूरपश्चिममा रहेको पहिलाको अंचल अस्पताल अहिले पनि सुदूरपश्चिम मार्फत नै छ र हाम्रा डक्टरहरु विगत लामो समयदेखी आन्दोलनमा हुनुहुन्छ । यो सुदूरपश्चिममा रहेका जनताहरु किन इन्डिया भारत जानु पर्ने हामी अहिले सरकार हुदाहुदा अहिले कताकता न्यूजमा सुन्छु कि

संघीय सरकार मार्फत जानुपर्छ । संघीय सरकार मार्फत किन पठाउने मेरो Question । हाम्रा उति धेरै आम जनताहरु हुनुहुन्छ । यही जनताहरु हुदाहुदा नी हाम्रो यो सुदूरपश्चिम सरकार यही भएको बेलामा पनि यो हस्पिटललाइ राम्रो बनाउन सक्दैनौं त । हामीसँग के बजेट नभएर हो । त्यसैले म एकदमै ध्यानाकर्षण गराउन चाहान्छु डक्टरहरु यतिधेरै नेपाल भरी छोराछोरीहरु डक्टर पडेका छन् अनि तिनै डक्टरहरु के सरकारमा जानुपर्ने । संघीय सरकार मार्फत वाहाले तलब खान सक्नुहुन्छ मैले हेर्दा । तर काम यही जनताको काम गर्नुपरेन । आन्दोलन गरेर हुन्छ । जनताले हस्पिटलमा जाँदा हिजो पनि गएँ म ३/४ दिन गइसकें । हस्पिटलमा विमारी सुतिरहेको अवस्था छ । खाना नपाएका पहाडबाट आउनुभाछ । डक्टरै छैन हस्पिटलमा । हस्पिटल खोलेर बस्नेहो भने किन जागिर खानुपर्ने । संघीय सरकारको वाहाहरुको जस्तो मानिलियौं अहिलेको समायोजनले गर्दा वाहाहरु Direct संघीयमा भर्नुभो संघीयमा वाहाले भर्दाखेरी तलबत त्यहीबाट खादा भयोन्त संघीय सरकारबाट खाने तर यो हस्पिटलको काम अगाढी बढाउदा हुँदैन । मेरो त्यो प्रश्न हो । सुदूरपश्चिम प्रदेश सरकार मार्फत यलाइ बनाउने तर यलाइ पाँचसय सैयाको ततकाल सुदूरपश्चिम सरकारले कार्यान्वयन गर्नुपर्छ घोषणा गर्नुपर्योन्त । अहिले सम्म मैले अस्ति हेरेको कर्णाली प्रदेशले ३०० सैयाको हस्पिटल घोषणा गरिसक्या छ । तर सुदूरपश्चिम सँग हामीसँग क्षमता नभएको हो त तर काम चै गर्नका लागि हामीसँग जनता थुप्रै छन् सुदूरपश्चिम प्रदेश सरकार हामी यही छौं धनगढी । हामीसँग टच जोडिएको यही हस्पिटल छ । यो हस्पिटललाइ राम्रो बनाउनका लागि सुदूरपश्चिम सरकारलाइ मैले यो रोस्टबाट हार्दिक अनुरोध गरें कि आउने दिनमा वाहासँग के के मेसिन सामाग्रीहरु छैन डक्टरहरुलाइ कसरी मिलाउने वाहाँहरुलाइ पनि एकदमै डक्टरहरुले पनि आन्दोलन मार्फत तपाइहरु जनताको काम गर्नुसन । तपाइहरु संघीय सरकारमा जागिर तलब खानुस काम हस्पिटल मार्फत नै काम गर्नुपर्ने हुन्छ । प्रदेश स्तरीय हस्पिटल मार्फत वाहाले काम गर्न सक्नुहुन्छ । र अर्को कुरा हाम्रो यो ६ लेनको बाटो कर्मचारी वर्षमा ३/४ पटक डाइरेक्टर वाहाको कर्मचारी आएर सरुवा हुने यो प्रदेश सरकारलाइ मैले ध्यानाकर्षण गराएँ । हामी हिड्दाखेरी माननीय चाहे आम जनता होस हामीलाइ त हासहापी हुदोरैछ । मन्त्रीहरु चिल्ला गाढीमा जालान जसो आर्थिक सम्पन्न वाला चिल्ला गाढीमा जालान जनताले हिड्ने अवस्था छैन । एउटा मोटर साइकल चलाउने साइकल चलाउने हिड्ने सम्मको बाटो छैन । त्यसैले तेलाइ पनि एकदमै तिब्र रुपमा अगाडी बढाउनका लागि प्रदेश सरकारलाइ मैले ध्यानाकर्षण गराएँ । र पानी सिचाइ गर्नका लागि प्रत्येक दिनमा बिहानै सिचाइ हुनुपर्छ । दिनभरी धुलो धुवाँ र लुगा लगाएर आउनु धनगढि सम्म तपाइहरुको १ जोडी लुगा मान्छे चिन्ने अवस्था छैन । त्यसैले सुदूरपश्चिम सरकारलाइ छिटो भन्दा छिटो काम गर्नका लागि तिब्र रुपमा अगाडी बढाउनका लागि हार्दिक अनुरोध गरें । र हाम्रो सुदूरपश्चिम सरकारको बजेट सायद अन्तिम अन्तिम हामी पुग्न लागें । कति रहेको छ मलाइ लाग्छ २ महिना हाराहारीमा छौं । आज अन्तिम अन्तिम हुन लाग्यो त्यसैले २५/२६ गते हामी आज २५ सम्म पुगिराछौं । हामीसँग समय छैन । मन्त्रिहरुको निर्वाचन क्षेत्र देखी लिएर थुप्रै रातो बुकमा देखिन्छ माननीयको भन्दानी मन्त्रीको तिब्र रुपमा छ । त्यो प्रतिस्पर्धा त गयौं तर कार्यान्वयन कतिबेला गर्ने । त्यो फ्रिज जाने हो त । मेरो भनाइ यति छ प्रदेश सरकारलाइ । यो योजनाहरु पार्नुपर्दा जति छ तिब्र रुपमा कार्यान्वयन अगाडी बढाउने र जनताको सुदूरपश्चिम जनताको लागि यो पार्टीको सत्ता पक्ष र विपक्ष होइन एउटा राष्ट्र र यो सुदूरपश्चिमका लागि हामी एक मतभएर अगाडी बढ्नु पर्छ यही नै मैले अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद ।

*(बोली सकेपछि)*

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**६. माननीय सदस्यहरू,**

अब म भौतिक पूर्वाधार विकास मन्त्रि माननीय पठान सिंह बोहरालाई **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय पठान सिंह बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक २०७५ संसदमा प्रस्तुत भई छलफल भइसकेको छ । यस विधेयकलाई दफावार छलफलका लागि प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव पेश भएपछि)*

**७. माननीय सदस्यहरू,**

अब म भौतिक पूर्वाधार विकास मन्त्रि माननीय पठान सिंह बोहराले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

८. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा गरिसकेपछि)***

**९. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक यहि मिति २०७५ साल चैत्र २७ गते

बुधबार दिनको २:०० बजे बस्ने भएकाले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।